**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री टंकनाथ पौडेल**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.५५०

पुनरावेदन नं. ०७७-RB-०३५५

मुद्दाः– आयकर (२०७१।०७२)।

का.जि.का.म.न.पा.वडा नं.०४ धुम्बाराही चक्रपथ स्थित साबल सहकारी संस्था लि. को अधिकार प्राप्त ऐ.को कार्यकारी अध्यक्ष वर्ष ७६ को तीर्थराज खरेल.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

नेपाल सरकार आन्तरिक राजस्व कार्यालय,टंगाल..............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, टंगाल

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री डिल्ली राज लेखक

शुरु कार्यालयको निर्णय मितिः-२०७५।०७।११

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मिति : २०७६।०४।३०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री अनिल राज शर्मा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अबलम्बित नजिरः“**

आन्तरिक राजस्व कार्यालय टंगालबाट मिति २०७५।०७।११ को कर निर्धारणको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६/०४/३० को निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

<u>**तथ्य खण्ड**</u>

१. आन्तरिक राजस्व कार्यालय टंगाल अन्तर्गतका करदाता श्री साबल सहकारी संस्था लि.ले आ.व. २०७१।०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. २,३२,०५,६४२।३७ देखाई आन्तरिक राजस्व कार्यालय टंगाल समक्ष मिति २०७२।१०।०३ मा विवरण पेश गरेको।

२. करदाताको आ.व. २०७१/०७२ को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, आयमा समावेश गर्नुपर्ने आय समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु.२,३३,३९,५०६।३७-(अक्षरुपी दुई करोड तेत्तिस लाख उनान्चालिस हजार पाँच सय ६ रुपैंया सैतिस पैसा मात्र) कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठुला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०६।०९ मा सुचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय टंगालले मिति २०७५।०६।०९ मा जारी भएको सूचना करदाताले मिति २०७५।०६।२३ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७५।०७।०६ मा पेश गरेको।

४. प्रस्तुत करदाताको आ.व.२०७१।०७२ को संशोधित कर निर्धारण गर्ने सम्बन्धमा करदाताले आयकर ऐन,२०५८ को दफा १०१(६) बमोजिम प्रदान गरेको सूचनाको करदाताको तर्फबाट पेश गरेको जवाफ प्रमाणयुक्त नभएको हुँदा करदाताको करयोग्य आयमा रु.२,३३,३९,५०६।३७ (अक्षेरुपी दुई करोड तेत्तिस लाख उनान्चालिस हजार पाँच सय ६ पैसा सैंतिस मात्र ) आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर योग्य

कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने व्यहोराको आन्तरिक राजस्व कार्यालय, टंगालबाट मिति २०७५।०७।११ मा खडा भएको निर्णय पर्चा।

५. आन्तरिक राजस्व कार्यालयले मिति २०७५।०७।११ मा जारी गरेको आ.व. २०७१।०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता साबल सहकारी संस्था लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०९।१३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाताको जिकिर, कार्यालयको प्रतिक्रिया तथा फाईलसाथ संलग्न कागजात अध्ययन गर्दा, आय विवरण साथ दाखिला गरेको कर रकम सम्बन्धमा आय विवरण साथ दाखिला गरेको रकमको आ.व.२०७०।०७१ मा कर निर्धारण भई अघिल्लो ल्याउन नमिलेको र चन्दा तथा आर्थिक सहयोग र विविध खर्च सम्बन्धमा चन्दा र आर्थिक सहयोग खर्चको बिल पेश नभएको भनी कार्यालयबाट भएको संशोधित कर निर्धारणको निर्णय कानून सम्मत रहेको र निवेदकको आ.व.२०७१/०७२ को स्वयंकर निर्धारण अनुसारको करयोग्य आय र कार्यालयबाट भएको  करयोग्य आय अनुसार रु.२१,७६४।- निवेदकको जिकिर अनुसार हिसाब गणना फरक परेको देखिएकोले पुनःकर गणना गरी संशोधित कर निर्धारण गर्नका लागि कार्यालयमा पठाउनुपर्ने भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०४।३० मा भएको निर्णय ।

७. करदाता कम्पनीले कानून बमोजिम दाखिला गर्नुपर्ने अनुमानित आयकर रकम म्याद भित्रै दाखिला गरी कुनै पनि रकम दाखिला गर्न बाँकी नराखेको अवस्थामा के कुन सालको कति रकम र सो ब्याजहरु हुन सो नखुलाई शुरु कार्यालयबाट मनोगत तथा गोलमटोल र गैरकानूनी रुपमा पुनरावेदक संस्थालाई कर र ब्याजको दायित्व बढाईएको अस्पष्ट तथा त्रुटीपूर्ण निर्णयलाई नै आन्तरिक राजस्व विभागबाट सदर गरिएको निर्णयबाट यस संस्थालाई ठूलो अन्याय परेकोले शुरु कार्यालय तथा आन्तरिक राजस्व विभागको निर्णय बदर गरी सुफत ईन्साफ दिलाई पाउँ भन्ने व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७।०७।२५ मा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/१२/०६ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री अनिलराज शर्माले करदाता कम्पनीले कानून बमोजिम दाखिला गर्नुपर्ने अनुमानित आयकर रकम म्याद भित्रै दाखिला गरी कुनै पनि रकम दाखिला गर्न बाँकी नराखेको अवस्थामा संस्थालाई अनावश्यक कर र ब्याजको दायित्व बढाउने गरी शुरू कार्यालयबाट भएको अस्पष्ट तथा त्रुटीपूर्ण निर्णयलाई नै आन्तरिक राजस्व विभागबाट सदर गरिएको निर्णयबाट यस संस्थालाई ठूलो अन्याय परेकोले शुरु कार्यालय तथा आन्तरिक राजस्व विभागको निर्णय बदर गरी न्याय ईन्साफ दिलाई पाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

१०. त्यसैगरी प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, टंगाल समेतको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले अग्रिम कर दाखिलाका सम्बन्धमा प्रस्तुत मुद्दामा उठेका विवादका विषयमा प्रत्यर्थी कार्यालयहरूबाट भएको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

११. प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा करदाताको हकमा आन्तरिक राजस्व कार्यालय टंगालबाट भएको संसोधित कर निर्धारण आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ छैनरु पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन रु भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर आय विवरण साथ दाखिला गरेको रकम मध्ये रू.४,३९,२५७।०३ कम गणना गरेको सम्बन्धमा रहेको छ। कार्यालयबाट करदाताको अघिल्लो आर्थिक वर्ष २०७०/०७१ बाट सारी ल्याएको रु.४,३९,२५७।०९ कर परीक्षण भए पश्चात कर निर्धारण भई सो दाखिला रकम कायम नरहेकोले आर्थिक वर्ष २०७१/०७२ मा गणना नभएको र आय विवरण साथ पेश गरेको तथ्यांक सही नभएको नभई आर्थिक वर्ष २०७०/०७१ मा संशोधित कर निर्धारण भएको कारणबाट दाखिला रकम कम हुन गएको हुँदा निवेदकको निवेदन जिकिर नपुग्ने देखिन्छ भनी आन्तरिक राजस्व कार्यालय, टंगालबाट निर्णय भएको देखियो। आर्थिक वर्ष २०७०/७१ मा कर परीक्षणबाट संशोधित कर निर्धारण भई कर दायित्व बढी हुन गएको

अवस्थामा बढी दाखिला गरेको रकम स्वत घट्न जाने हुँदा यसरी कर निर्धारण भई कायम नरहेको कर, पछिल्लो आर्थिक वर्षमा सार्ने र सर्ने अवस्था देखिन आउँदैन। करदाताले आफूले दाखिला गरेको कर रकमको प्रमाण र संशोधित कर निर्धारणबाट कायम भएको कर समेत भिडान गरी सप्रमाण हिसाव मिलानको लागि सम्बन्धित कार्यालयमा निवेदन दिएमा सो सम्बन्धमा करदाताको प्रमाणबाट पुष्टी भएको यथार्थ हिसाव मिलान हुने नै हुँदा यस सम्बन्धमा पुनरावेदन पत्रको रोहबाट थप विवेचना गर्न पर्ने देखिएन।

१३. त्यसै गरी करदाताको दोश्रो पुनरावेदन जिकिर चन्दा तथा आर्थिक सहयोग र विविध खर्च सम्बन्धमा रहेकोमा करदाताले प्रशासनीक खर्च अन्तरगत दाबी गरेको रकमलाई पुष्टी गर्ने रितपूर्वकको बिल भरपाई तथा भुक्तानी प्रमाण पेश नभएको भनी कार्यालयबाट चन्दा तथा आर्थिक सहयोग खर्च रु.३९,०००।- र विविध खर्च रु.६,९६४।— अमान्य गरी संशोधित कर निर्धारण गरेको देखिन्छ।उक्त कर निर्धारणका सम्बन्धमा करदाताले कार्यालयमा पेश गरेको जवाफसाथ संलग्न प्रमाणहरुको छानबीन तथा विश्लेषण गरी प्रमाणद्धारा पुष्टि हुने खर्च कट्टी दिई प्रमाणद्धारा पुष्टि गर्न नसकेको (मिति यकिन नभएको,विल नभएको) खर्च चन्दा तथा आर्थिक सहयोग खर्च रू.१२,०००।- र विविध खर्च रु १००।- मात्र कट्टी दिन नमिल्ने भनी निर्णय गरेको देखिएको र खर्च दाबी गर्ने पक्षले आयकर ऐन, २०५८ को दफा ८१(१)(ग) बमोजिमको भरपर्दो तथ्ययुक्त प्रमाणद्वारा पुष्टि गर्नुपर्दछ।भरपर्दो तथ्ययुक्त प्रमाणद्धारा पुष्टि नभएको अवस्थामा खर्च कट्टी दिन मिल्ने देखिँदैन।तसर्थ आन्तरिक राजस्व कार्यालय,टंगालबाट भएको निर्णय कानून सम्मत रहेकोले सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई समेत अन्यथा भन्न मिलेन।

१४. तसर्थ, माथि विवेचित आधार एवं कारण समेतबाट करदाता सावल सहकारी संस्था लिमिटेडको (स्थायी लेखा नं.५००२१३७१७) आ.व.२०७१/०७२ को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय टंगालबाट मिति २०७५।७।११ मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।४।३० मा भएको निर्णय समेत मिलेको देखिँदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपि माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपि दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल आन्तरिक राजस्व कार्यालय, टंगाल पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टंकनाथ पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं।

बासुदेव खनाल
(लेखा सदस्य)

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
ईजलास अधिकृतः सबिना घिमिरे-
इति सम्बत २०८० साल असार २८ गते रोज ५ शुभम......................
प्रमाणीकरण गर्नेः -
प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौंको छाप